फोन नं.: ०८२-५२०२३३

दमकलः ०८२-५२०३०५

# तुलसीपुर उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### तुलसीपुर, दाङ
### लुम्बिनी प्रदेश, नेपाल

पत्रसङ्ख्या :-

चलानी नं. :-

**बसपार्क पुर्वाधार शुल्क उठाउने सम्बन्धी विद्युतीय बोलपत्र आह्वानको सुचना**

**(प्रथम पटक प्रकाशित मिति २०७८।०८।०८)**

नेपालको संविधानको अनुसूची ८ तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा २ (घ) तथा दफा ६२ (२) एवं यस उप महानगरपालिकाको मिति २०७८।०७।१० गते वसेको कार्यपालिका बैठकको निर्णयानुसार आधुनिक पूर्वाधारयुक्त बसपार्क भित्र तुलसी पेट्रोल पम्प र गाडी धुलाई र सरसफाईका लागि छुट्याइएको क्षेत्र बाहेक तपशिलका पूर्वाधारमा बसपार्क पूर्वाधार शुल्क संकलन प्रयोजनार्थ रितपूर्वक E-Bidding आह्वान गरिएकोछ ।

| क्र. सं | ठेक्का विवरण | ठेक्का नं. | बार्षिक न्यूनतम अंक (भ्याट बाहेक) | ठेक्का दिईने समयावधि | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|
| १ | सार्वजनिक शौचालय | रा.२९/०७८/०७९ | १,५३,८७,०००।- (एक करोड त्रिपन्न लाख सतासी हजार रुपैयाँ मात्र) | २० वर्षको लागि | ३,०००।- |
| २ | पार्किङ्ग लामो समय | | | | |
| | पार्किङ्ग छोटो समय | | | | |
| | प्रवेश तथा निकासी शुल्क | | | | |
| ३ | होर्डिङ्ग बोर्ड सहित सार्वजनिक सुचना | | | | |
| ४ | टर्मिनल भवन | | | | |
| ५ | ५२ सटर | | | | |

**शर्त तथा वन्देजहरु :**

१. बोलपत्र सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिन सम्ममा बोलपत्र बापतको दस्तुर (फिर्ता नहुने गरी) यस कार्यालयको मेघा बैंक नेपाल तुलसीपुरमा रहेको खाता नं.०३८००१००७९०४३ जम्मा गरेको बैंक भौचरको Scan Copy पेश गरी www.bolpatra.gov.np/egp बाट बोलपत्र खरीद गर्न सकिने छ ।

२. बोलपत्र साथ स्थानीय तहमा दर्ता भएको व्यवसायी नवीकरण प्रमाणपत्र, फर्म दर्ता प्रमाण पत्र, मूल्य अभिबृद्धी कर दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी वोलपत्र साथ संलग्न राखी आफुले कवोल गरेको अंकको ५% ले हुने धरौटी रकम यस उप महानगरपालिका तुलसीपुर, दाङ स्थित मेघा बैंक नेपाल तुलसीपुरमा रहेको खाता नं.०३८००१००७९१७८ धरौटी खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तिमा १२० दिन म्याद भएको विडवण्डको सक्कल प्रति संलग्न हुनुपर्नेछ ।

३. विद्युतीय बोलपत्र पेश गर्ने म्याद समाप्त भए पश्चात बोलपत्रदाता वा निजको प्रतिनिधीको रोहवरमा खोलिनेछ । निजको प्रतिनिधि सो समयमा उपस्थित नभए पनि कार्यालयलाई बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन । बोलपत्र खोल्ने दिन विदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन खोलिनेछ ।

४. बोलपत्रमा कवोल गरेको अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिइनेछ साथै कुनै शर्त राखी पेश गरेको बोलपत्र माथि कुनै कारवाही गरिने छैन ।

५. बोलपत्र स्वीकृत भइ संझौताको लागि सूचना पाएको मितिले ७ दिन भित्र कवोल गरेको अंकको ५% ले हुने धरौटी रकम माथि उल्लेखित धरौटी खातामा जम्मा गरेको सक्कल बैंक भौचर संझौताका बखत पेश गर्नु पर्नेछ ।

मोहन पौडेल
प्रमुख प्रशासकीय अधिकृत

फोन नं.: ०८२-५२०२३३

दमकल: ०८२-५२०३०५

# तुलसीपुर उपमहानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

तुलसीपुर, दाङ

लुम्बिनी प्रदेश, नेपाल

पत्रसङ्ख्या :-

चलानी नं. :-

त्यस्तो धरौटी प्रत्येक बर्षका लागि निर्धारण हुने ठेक्का रकमको लागि जति अपुग हुन्छ सो बरावरको रकम धरौटी खातामा थप गर्दै जानु पर्नेछ । सो धरौटी रकम ठेक्का म्याद समाप्त भएको अर्को आर्थिक बर्षमा कर चुक्ता प्रमाण पत्र पेश गरे पश्चात मात्र फुकुवा हुनेछ ।

६. बोलपत्र स्वीकृत भएको तथा नवीकरणको सूचना पाएको मितिले ७ दिन भित्र कबोल अंकको शतप्रतिशत वा ५०% ले हुन आउने रकम यस कार्यालयको आन्तरिक राजस्व खातामा दाखिला गरी, कवोल अंकको १३% ले हुन आउने मूल्य अभिबृद्धी कर वापतको रकम र १.५% ले हुने अग्रिम आयकर वापतको रकम आन्तरिक राजश्व कार्यालयमा दाखिला गरेको प्रमाण ठेक्का सम्झौताका बखत एकमुष्ट पेश गर्नु पर्नेछ । साथै कबोल अंकको शतप्रतशित बुझाउन नसकि ५०% मात्र बुझाएमा बांकी ५०% ले हुन आउने दोश्रो किस्ता वापतको रकम प्रत्येक वर्षको चैत्र मसान्त भित्र दाखिला गरी सक्नु पर्नेछ । संझौता गर्दा उक्त दोश्रो किस्ता रकम नगद दाखिला नगरेमा सो बरावरको प्रत्येक अर्को वर्षको श्रावण मसान्त सम्म अवधि भएको र यस कार्यालयको नाममा जारी गरिएको नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकको बैंक ग्यारेन्टी (पर फरमेन्स वण्ड) पेश गर्नुपर्नेछ । तोकिएको समय भित्र किस्ता रकम नबुझाएमा उक्त बैंक ग्यारेन्टी (परफरमेन्स वण्ड) बाट किस्ता रकम अशुल उपर गरिनेछ । यसमा ठेकेदारले कुनै किसिमको हक दावी गर्न पाउने छैन ।

७. ठेक्का कवोल अंकमा प्रत्येक वर्ष २% का दरले बुद्धि गरी ठेक्का रकम कायम गरिनेछ ।

८. प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस उप-महानगरपालिकामा सुरक्षित रहनेछ ।

९. ठेकेदार र कार्यालय बीचमा ठेक्काको शर्त सम्वन्धी कुरामा बिवाद पर्न आएमा तुलसीपुर उप-महानगरपालिका, दाङको निर्णय अन्तिम हुनेछ । यसमा ठेकेदारले कुनै हक दावी गर्न पाउने छैन ।

१०. तोकिएको दर भन्दा बढी रकम असूल उपर गर्न पाईने छैन ।

११. कार्यादेश लिएको मितिदेखी मात्र ठेक्का चलन गर्न पाइनेछ । साथै प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ७ (सात) दिन (श्रावण ७ गते) भित्र ठेक्काको नवीकरण गराई सक्नु पर्नेछ ।

१२. कुनै पनि वहानामा अस्थायी चलनपूर्जी दिन कार्यालय बाध्य हुने छैन ।

१३. संघीय सरकार, प्रदेश सरकार र यस उप महानगरपालिकाले समय समयमा दिएको निर्देशन एवं परिपत्रको अनिवार्य रुपमा पालना गर्नुपर्नेछ ।

१४. दररेट सहितको साइनवोर्ड सबैले देख्ने गरी सम्बन्धित कर संकलन केन्द्रमा अनिवार्य रुपमा राख्नु पर्नेछ तर राजमार्ग वा सहायक राजमार्गमा यातायात अवरुद्ध हुनेगरी कुनै काम गर्न/गराउन पाइने छैन ।

१५. यस कार्यालयलाई बुझाउनुपर्ने ठेक्का रकम नेपालवन्द, आमहडताल, नाकावन्दी र चक्काजाम जस्ता अप्रत्यासित घटना वा अन्य कुनै पनि कारण देखाई मिनाहा माफी माग गर्न पाइनेछैन तर संघिय सरकार, प्रदेश सरकार,यस उप महानगरपालिका वा न्यायिक निकायवाट कुनै श्रोत संकलन तथा उपयोगमा वन्देज लगाएमा तुलसीपुर उप महानगरपालिका कार्यपालिका वैठकको निर्णय वमोजिम वन्देज लगाएको दिनको मात्र दामासाहिले हिसाव गरी रकम मिलान/फिर्ता गर्न सकिनेछ ।

१६. ठेक्का समाप्त भए पछि धरौटी फिर्ता लिन आउँदा लाग्ने करहरु बुझाई सकेको (करचुक्ता) प्रमाणपत्र पेश गरे पछि मात्र धरौटी वा जमानी फुकुवा गरिने छ ।

१७. आफूले लिएको ठेक्काको चलन गरी रकम उठाउने जिम्मेवारी ठेकेदार स्वयंकै हुनेछ ।

मोहन पौडेल
प्रमुख प्रशासकीय अधिकृत

फोन नं.: ०८२-५२०२३३ दमकल: ०८२-५२०३०५

# तुलसीपुर उपमहानगरपालिका

## तुलसीपुर, दाङ
## लुम्बिनी प्रदेश, नेपाल

तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तुलसीपुर, दाङ लुम्बिनी प्रदेश, नेपाल

पत्रसङ्ख्या :-

चलानी नं.:

१८. प्रचलित कानून अनुसार लाग्ने कर तथा दस्तुर ठेकेदार स्वयंले नै आफ्नो तर्फबाट व्यहोर्नु पर्नेछ ।

१९. विद्युत सेवा, खानेपानी सेवा, दैनिक सरसफाईको जिम्मा सम्वन्धित ठेकेदारको दायित्व हुनेछ ।

२०. ठेक्का लागेको क्षेत्रमा कानुनद्वारा निषेधित बस्तु तथा सेवाको काम कारवाही, कारोबार, भण्डारण, ओसार पसार तथा आवासको रुपमा प्रयोग गर्न पाईने छैन ।

२१. ठेक्का अवधिभर बसपार्कको सम्पुर्ण क्षेत्रमा पक्की संरचनाको निर्माण गर्न पाईनेछैन । तर अति आवश्यक निर्माण कार्य गर्नु परेमा यस उप महानगरपालिकाको स्वीकृति लिएर मात्र सम्वन्धित ठेकेदारको लगानीमा गर्न सकिनेछ।

२२. ठेक्कामा लिएको संरचनाको सामान्य मर्मत, सम्भार, रंगरोगन तथा सरसफाई ठेकेदार स्वयंले गर्नु पर्नेछ ।

२३. ठेक्का अवधि समाप्त भए पश्चात ठेकेदारले ठेक्कामा लिएको संरचनाको मर्मत, संभार, रंगरोगन र सरसफाइ गरी तुलसीपुर उप महानगरपालिकालाई हस्तान्तरण गर्नु पर्नेछ । यसमा ठेकेदारको अन्य कुनै हकदावी हुने छैन ।

२४. ठेक्काको दररेट र अन्य विस्तृत जानकारीका लागि यस कार्यालयको राजश्व प्रशासन शाखामा सम्पर्क राख्न हुन समेत जानकारी गराईन्छ ।

२५. यो ठेक्का आ.व. ०७८/०७९ गते देखि लागु हुनेछ । साथै २० बर्षको असार मसान्तमा ठेक्का अवधि समाप्त हुनेछ ।

२६. यो सूचनामा उल्लेख नभएका कुराहरुको हकमा रकम तथा सरकारी ठेक्का बन्दोबस्त ऐन, २०२० सार्वजनिक खरिद ऐन, २०६३ र अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

मोहन पौडेल
प्रमुख प्रशासकीय अधिकृत